# अर्थ बुलेटिन

वर्ष ७ अंक ११ | २०८३ जेठ

नेपाल सरकार
अर्थ मन्त्रालय




## प्रमुख आर्थिक झलकहरू

- चालु आर्थिक वर्षको जेठसम्म प्रायः आर्थिक परिसूचक सकारात्मक छन्। पुँजीगत खर्चमा कमी आएपनि संघीय खर्च बढेको छ। राजस्व परिचालन लक्ष्य बमोजिम सङ्कलन हुन नसके पनि ६.४ प्रतिशतले बढेको छ। सङ्घीय सरकारको बजेट घाटा केही बढेपनि वित्त घाटा घटेको छ। बाह्य क्षेत्र सबल छ। वित्तीय क्षेत्रका परिसूचक मिश्रित छन्।
- राजस्वका सबै शीर्षकमा सङ्कलित रकम बढेको छ। सरकारको तिर्न बाँकी सार्वजनिक ऋण कुल गार्हस्थ्य उत्पादनको ४४.९ प्रतिशत पुगेको छ। ऋण सेवा खर्च उच्च रहेको छ।
- वस्तु आयात र निर्यात दुवैमा वृद्धि भएको छ। मुलतः विप्रेषण आयमा भएको उल्लेख्य वृद्धिस्वरुप चालु खाता र शोधनान्तर स्थिति दुवै उच्च बचतमा रहेका छन्। फलस्वरुप, विदेशी मुद्रा सञ्चिति १९.१ महिना बराबरको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त छ।
- निक्षेप र निजी क्षेत्रतर्फ प्रवाहित कर्जा बढेको छ। यद्यपि, निष्कृय कर्जा अनुपात भने तुलनात्मकरुपमा उच्च छ। कुल कर्जा लगानीमा विपन्न क्षेत्रतर्फ प्रवाहित कर्जाको अनुपात घटेको छ।
- पर्यटक आगमन बढेपनि भ्रमण आय र व्यय दुवैमा केही सङ्कुचन आएको छ। बीमाको दायरामा आएको जनसङ्ख्या ५१ प्रतिशत नाघेको छ। २०८३ जेठ मसान्तमा नेप्से सूचकाङ्क २७२४.०३ बिन्दु कायम भएको छ।


प्रकाशन तथा सम्पादन

आर्थिक नीति विश्लेषण महाशाखा

सिंहदरवार, काठमाडौं


## मुलुकको वर्तमान आर्थिक परिदृष्य

### संघीय सरकारी खर्च

१. आर्थिक वर्ष २०८२/८३ को जेठसम्म संघीय खर्च गत आर्थिक वर्षको सोही अवधिको रु.१२ खर्ब ८२ अर्ब ९४ करोडको तुलनामा ५.० प्रतिशतले बढेर रू.१३ खर्ब ४६ अर्ब ६५ करोड पुगेको छ। यस अवधिमा चालु खर्च ६.७ प्रतिशत र वित्तीय व्यवस्थातर्फको खर्च ६.२ प्रतिशतले बढेको छ भने पुँजीगत खर्च ७.५ प्रतिशतले घटेको छ। गत आर्थिक वर्षको सोही अवधिमा संघीय खर्च ८.८ प्रतिशतले बढेको थियो।

तालिका (क): पछिल्लो ५ आर्थिक वर्षको जेठ महिनासम्मको खर्चको स्थिति (रू. करोडमा)

| विवरण | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
|---|---|---|---|---|---|
| चालु | ८१४५४.११ | ८७७३९.४४ | ८२१७६.६४ | ८५१५८.१९ | ९०८२६.८१ |
| पूँजीगत | १३७९६.३१ | १५३०८.४२ | १३३८१.२९ | १४३३८.८८ | १३२६६.७७ |
| वित्तीय व्यवस्था | ८३१०.३५ | १४५५८.७१ | २२३५०.८८ | २८७९७.३६ | ३०५७१.८१ |
| **कुल संघीय खर्च** | **१०३५६०.७७** | **११७६०६.५७** | **११७९०८.८१** | **१२८२९४.४३** | **१३४६६५.३९** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८३।


२. चालु आर्थिक वर्षको जेठसम्म कुल वार्षिक विनियोजनको तुलनामा खर्च उपलब्धी ६८.६ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको जेठसम्म खर्च उपलब्धी ६९.० प्रतिशत रहेको थियो। शीर्षकगत खर्चको रुपमा कुल विनियोजित बजेटमध्ये चालु खर्च ७६.९ प्रतिशत, पुँजीगत खर्च ३२.५ प्रतिशत र वित्तीय व्यवस्थातर्फ ८१.५ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको जेठसम्म यस्तो खर्च क्रमशः ७४.७ प्रतिशत, ४०.७ प्रतिशत र ७८.४ प्रतिशत रहेको थियो।

तालिका (ख): आर्थिक वर्ष २०८२/८३ को जेठसम्मको खर्चको स्थिति (रू. करोडमा)

| खर्च शीर्षक | २०८१/८२ | | २०८२/८३ | |
|---|---|---|---|---|
| | कुल खर्च | खर्च प्रतिशत | कुल खर्च | खर्च प्रतिशत |
| चालु | ८५१५८.१९ | ७४.७ | ९०८२६.८१ | ७६.९ |
| पुँजीगत | १४३३८.८८ | ४०.७ | १३२६६.७७ | ३२.५ |
| वित्तीय व्यवस्था | २८७९७.३६ | ७८.४ | ३०५७१.८१ | ८१.५ |
| कुल खर्च | १२८२९४.४३ | ६९.० | १३४६६५.३९ | ६८.६ |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८३।


चार्ट (क): पछिल्लो चार आर्थिक वर्षको मासिक खर्च प्रवृत्ति (रु. अर्बमा)




स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८३।

३. हरेक आर्थिक वर्षको मासिक खर्चको प्रवृत्ति विश्लेषण गर्दा साउन महिनामा सबैभन्दा न्यून खर्च हुने तथा असोज र चैत महिनामा चालुखर्च अधिक हुने प्रवृत्ति रहेको छ। आर्थिक वर्षको सुरुका महिनाहरुमा पुँजीगत खर्च अत्यन्त न्यून रहने र पछिल्ला महिनामा उच्च हुने प्रवृत्ति रहेको छ। आर्थिक वर्ष २०७८/७९ पश्चातका आर्थिक वर्षमा जेठसम्मको कुल संघीय खर्चमा पुँजीगत खर्चको हिस्सा क्रमशः घट्दै गएको देखिन्छ। पछिल्ला आर्थिक वर्षहरुमा वित्तीय व्यवस्थातर्फको खर्चको हिस्सा पहिलेको तुलनामा उल्लेख्य बढेको देखिन्छ। चालु आर्थिक वर्षको जेठसम्मको कुल सङ्घीय खर्चमा वित्तीय व्यवस्थातर्फको खर्चको हिस्सा २०.४ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको जेठसम्म यस्तो खर्च २१.८ प्रतिशत रहेको थियो।

**चार्ट (ख): पछिल्लो दश आर्थिक वर्षको जेठसम्मको खर्च संरचना**
(कुल संघीय खर्चको प्रतिशतमा)




स्रोत: अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८३।

## राजस्व परिचालन

४. आर्थिक वर्ष २०८२/८३ को जेठसम्म सरकारको राजस्व सङ्कलन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ६.४ प्रतिशतले वृद्धि भई रू.१० खर्ब ८१ अर्ब ३१ करोड पुगेको छ। कुल राजस्वमा कर राजस्व रू.९ खर्ब ८१ अर्ब ३५ करोड र गैरकर राजस्व रू.९९ अर्ब ९६ करोड रहेको छ। यस अवधिमा कर राजस्व ६.९ प्रतिशत र गैरकर राजस्व १.९ प्रतिशतले बढेको छ।

५. यस अवधिमा अन्य प्राप्ति सहित कुल प्राप्ति रू.१० खर्ब ८७ अर्ब ६१ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो प्राप्ति रु.१० खर्ब २७ अर्ब ६७ करोड रहेको थियो।

६. चालु आर्थिक वर्षको जेठसम्म गत आर्थिक वर्षको सोही अवधिको तुलनामा भन्सार महशुलमा ५.०५ प्रतिशतले वृद्धि भएको छ भने आयकरको सङ्कलनमा १.९० प्रतिशतले मात्र बढेको छ। चालु आर्थिक वर्षको फागुनसम्म आयकरको वृद्धिदर ऋणात्मक रहेको थियो।

७. समीक्षा अवधिको शीर्षकगत लक्ष्यमा शिक्षा सेवा शुल्क र अन्य राजस्व लक्ष्य भन्दा बढी सङ्कलन भएको छ। अन्य शीर्षकको राजस्व सङ्कलनमा केही कमी आए तापनि समग्र राजस्व सङ्कलन लक्ष्यको ८३.९ प्रतिशत रहेको छ।

८. चालु आर्थिक वर्षको जेठसम्म गत आर्थिक वर्षको सोही अवधिको तुलनामा मूल्य अभिवृद्धि कर सङ्कलन १०.०६ प्रतिशत र अन्तःशुल्क सङ्कलन ९.७५ प्रतिशतले बढेको छ। यस अवधिमा आय कर अन्तर्गतको ब्याजकर उपशीर्षक अन्तर्गत सङ्कलित राजस्व १३.२७ प्रतिशतले घटेकोमा अन्य सबै राजस्व शीर्षकमा सङ्कलित राजस्व बढेको छ।

**तालिका (ग): राजस्व लक्ष्य र जेठसम्मको राजस्व असुलीको विवरण** (रू. करोडमा)

| कर शीर्षक | आर्थिक वर्ष २०८२/८३ को वार्षिक लक्ष्य | जेठसम्मको सङ्कलन | | प्रगति प्रतिशत (वार्षिक लक्ष्यको तुलनामा | प्रगति प्रतिशत (जेठसम्मको लक्ष्यको तुलनामा | वृद्धिदर (प्रतिशतमा) |
|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | | | |
| **भन्सार महसुल** | **३०५५७.०५** | **२०७५०.८१** | **२१७९९.०४** | **७१.३४** | **७८.२७** | **५.०५** |
| **मूल्य अभिवृद्धि कर** | **३९४५९.५२** | **३०२५१.८०** | **३३२९४.९९** | **८४.३८** | **९४.५७** | **१०.०६** |
| उत्पादन, बिक्री, सेवा | १७२७९.८९ | १२७१८.६८ | १३६५१.०२ | ७९.०० | ९१.१५ | ७.३३ |
| पैठारी | २२१७९.६३ | १७५३३.१२ | १९६४३.९८ | ८८.५७ | ९७.११ | १२.०४ |
| **अन्तःशुल्क** | **२१३१५.७७** | **१६१९२.१५** | **१७७७०.१२** | **८३.३७** | **८९.९८** | **९.७५** |
| आन्तरिक उत्पादन | १५२२७.१२ | ११९५०.८० | १३२१४.५० | ८६.७८ | ९३.४८ | १०.५७ |
| पैठारी | ६०८८.६५ | ४२४१.३५ | ४५५५.६२ | ७४.८२ | ८१.१४ | ७.४१ |
| **शिक्षा सेवा शुल्क र अन्य** | **५२३.१३** | **३६७.८७** | **५७३.१०** | **१०९.५५** | **१२१.२५** | **५५.७९** |
| **आयकर** | **४०७०२.९२** | **२४२३७.५२** | **२४६९८.१६** | **६०.६८** | **७४.३९** | **१.९०** |
| आयकर | ३५५४४.८८ | २१३३४.८७ | २२१८०.८३ | ६२.४० | ७८.५३ | ३.९७ |
| ब्याज कर | ५१५८.०५ | २९०२.६५ | २५१७.३३ | ४८.८० | ५०.७८ | -१३.२७ |
| **कर राजस्व** | **१३२५५८.३९** | **९१८००.१५** | **९८१३५.४१** | **७४.०३** | **८४.२५** | **६.९०** |
| **गैरकर राजस्व** | **१५४४१.६१** | **९८०८.३७** | **९९९६.००** | **६४.७३** | **८०.६१** | **१.९१** |
| **कुल राजस्व** | **१४८०००.००** | **१०१६०८.५३** | **१०८१३१.४१** | **७३.०६** | **८३.९०** | **६.४२** |
| अन्य प्राप्ति | - | ११५८.४५ | ६२९.३८ | - | - | -४५.६७ |
| **जम्मा राजस्व/प्राप्ति** | **१४८०००.००** | **१०२७६६.९७** | **१०८७६०.७९** | **७३.४९** | **८४.३९** | **५.८३** |

स्रोतः अर्थ मन्त्रालय, २०८३।

९. चालु आर्थिक वर्षको जेठसम्म भन्सार विन्दुमा सङ्कलन हुने कर राजस्व- ***"भन्सार महशुल, अन्तःशुल्क (आयात) र मूल्य अभिवृद्धि कर (आयात)"*** गत आर्थिक वर्षको सोही अवधिको रू.४ खर्ब २५ अर्ब २५ करोडको तुलनामा ८.२ प्रतिशतले वृद्धि भई रू.४ खर्ब ५९ अर्ब ९९ करोड पुगेको छ। यस अवधिमा आन्तरिकतर्फको कर राजस्व परिचालन- ***"आय कर, अन्तःशुल्क(आन्तरिक उत्पादन), मूल्य अभिवृद्धि कर (उत्पादन, बिक्री, सेवा) र अन्य कर"*** ५.८ प्रतिशतले वृद्धि भई रू.५ खर्ब २१ अर्ब ३७ करोड पुगेको छ। गत आर्थिक वर्षको जेठसम्म यस्तो सङ्कलन रु.४ खर्ब ९२ अर्ब ७५ करोड रहेको थियो।

**तालिका (घ):जेठसम्मको राजस्व सङ्कलनको प्रवृत्ति (रु. करोडमा)**


| विवरण | आर्थिक वर्ष (जेठसम्म) | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०७३/ ७४ | २०७४/ ७५ | २०७५/ ७६ | २०७६/ ७७ | २०७७/ ७८ | २०७८/ ७९ | २०७९/ ८० | २०८०/ ८१ | २०८१/ ८२ | २०८२/ ८३ |
| कर राजस्व | ४८१४५.३८ | ५६८२३.२६ | ६४८०३.७९ | ५८८३५.१३ | ७५८३७.५६ | ८७२५३.९७ | ७५९००.०६ | ८२६८१.८८ | ९१८००.१५ | ९८१३५.४१ |
| गैरकर राजस्व | ४५६८.६८ | ६१२५.९२ | ७१३५.५५ | ५९४४.३८ | ५३९७.७४ | ६९५८.६० | ७७८५.३७ | ९००१.१८ | ९८०८.३७ | ९९९६.०० |
| **कुल राजस्व** | **५२७१४.०६** | **६२९४९.१८** | **७१९३९.३४** | **६४७७९.५१** | **८१२३५.३०** | **९४२१२.५७** | **८३६८५.४३** | **९१६८३.०६** | **१०१६०८.५३** | **१०८१३१.४१** |

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८३।

१०. चालु आर्थिक वर्षको जेठसम्मको कुल राजस्व सङ्कलनमा कर र गैरकर राजस्वको योगदान क्रमशः ९०.८ प्रतिशत र ९.२ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको जेठसम्म यस्तो योगदान क्रमशः ९०.३ प्रतिशत र ९.७ प्रतिशत रहेको थियो।

११. पछिल्लो दशकको जेठसम्मको राजस्व सङ्कलनमध्ये कर राजस्व र गैरकर राजस्वको योगदान औसत क्रमशः ९१.० प्रतिशत र ९.० प्रतिशत रहेको छ।


चार्ट (ग): पछिल्लो १० वर्षको जेठ महिनासम्मको राजस्व सङ्कलनको प्रवृत्ति (रू. करोडमा)




स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८३।

१२. पछिल्लो १० वर्षको जेठसम्मको राजस्व सङ्कलनको स्थिति हेर्दा आर्थिक वर्ष २०७६/७७ र आर्थिक वर्ष २०७९/८० बाहेक अन्य आर्थिक वर्ष राजस्व परिचालन बढेको छ। चालु आर्थिक वर्षको जेठसम्म गैरकर राजस्व सङ्कलन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १.९ प्रतिशतले मात्र वृद्धि भएकाले तदअनुरुपको प्रभाव समग्र राजस्व परिचालनमा पर्न गएको छ। पछिल्लो १० आर्थिक वर्षको जेठसम्मको राजस्व वृद्धिदर औसत ११.४ प्रतिशत रहेको छ।

चार्ट (घ): जेठसम्मको राजस्व सङ्कलन संरचना (प्रतिशतमा)




स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८३।

१३. चालू आर्थिक वर्ष २०८२/८३ को जेठसम्म कुल राजस्वमा अन्तःशुल्क, मूल्य अभिवृद्धि कर र अन्य कर राजस्वको हिस्सा गत वर्षको सोही अवधिको तुलनामा वृद्धि भएको छ भने भन्सार महशुल, आयकर र गैरकर राजस्वको हिस्सा घटेको छ।

## संघीय कर राजस्व

१४. चालु आर्थिक वर्षको जेठसम्म संघीय सरकारको कर राजस्व परिचालन गत आर्थिक वर्षको सोही अवधिको रू.७ खर्ब ९१ अर्ब ३९ करोडको तुलनामा ६.४ प्रतिशतले वृद्धि भई रू.८ खर्ब ४१ अर्ब ८३ करोड पुगेको छ। यस अवधिमा प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कर राजस्व गत आर्थिक वर्षको जेठसम्मको रू.१ खर्ब २६ अर्ब ६१ करोडको तुलनामा १०.२ प्रतिशतले वृद्धि भई रू.१ खर्ब ३९ अर्ब ५३ करोड पुगेको छ।

१५. चालु आर्थिक वर्षको जेठसम्म संघीय कर राजस्व ६.४ प्रतिशतले बढेपनि मुल्य अभिवृद्धि कर १०.१ प्रतिशत र अन्तःशुल्क (आन्तरिक उत्पादन) १०.६ प्रतिशतले बढेकाले प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कर राजस्वको वृद्धिदर तुलनात्मकरुपमा उच्च रहेको छ।

## करको दायरा विस्तार

१६. २०८२ जेठ मसान्तसम्म स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या २०८२ असार मसान्तको तुलनामा ११.७ प्रतिशतले वृद्धि भई ७८ लाख २० हजार ७ सय २५ पुगेको छ। चालु आर्थिक वर्षको जेठसम्म ८ लाख २१ हजार ४ सय ७५ स्थायी लेखा नम्बर लिने करदाता थप भएका छन्। २०८२ जेठसम्म मुल्य अभिवृद्धि करमा दर्ता भएका करदाता ३ लाख ७६ हजार १ सय ३० र अन्तःशुल्कमा दर्ता भएका करदाता १ लाख ३२ हजार ५ सय ४३ पुगेको छ।

**तालिका (ङ): व्यक्तिगत तथा व्यवसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण**

| दर्ताको प्रकार | २०८२ असारसम्म | चालु आर्थिक वर्षको जेठसम्म थप | २०८२ जेठसम्म |
|---|---|---|---|
| व्यावसायिक स्थायी लेखा नम्बर (B-PAN) | २०६०६५८ | १०४९०२ | २१६५५६० |
| करकट्टी गर्ने निकायले लिएको स्था.ले.नं (W-PAN) | ३५८७० | १६२९ | ३७४९९ |
| व्यक्तिगत स्थायी लेखा नम्बर (P-PAN) | ४९०२७२२ | ७१४९४४ | ५६१७६६६ |
| **जम्मा स्थायी लेखा नम्बर** | **६९९९२५०** | **८२१४७५** | **७८२०७२५** |
| मूल्य अभिवृद्धि कर (VAT) | ३५१७३५ | २४३९५ | ३७६१३० |
| अन्तःशुल्क (Excise) | १२४९९७ | ७५४६ | १३२५४३ |


स्रोतः आन्तरिक राजस्व विभाग, २०८३।

नोटः दर्ता खारेजीबाट कायम भएको स्थायी लेखा नम्बर मात्र समावेश गरिएको।

## वैदेशिक सहायता प्रतिबद्धता

१७. चालु आर्थिक वर्षको जेठसम्म अनुदान रु.४० अर्ब ८८ करोड र ऋण रु.९३ अर्ब ९५ करोड गरी कुल वैदेशिक सहायता प्रतिबद्धता ३९.३ प्रतिशतले सङ्कुचन भई रु.१ खर्ब ३४ अर्ब ८३ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो प्रतिबद्धता रु.२ खर्ब २२ अर्ब रहेको थियो। यस अवधिको कुल वैदेशिक सहायता प्रतिबद्धतामध्ये ऋण र अनुदानको अंश क्रमशः ६९.७ प्रतिशत र ३०.३ प्रतिशत रहेको छ। यस अवधिमा प्राप्त वैदेशिक सहायता प्रतिबद्धता मध्ये सबैभन्दा बढी ऊर्जा र सडक पूर्वाधारमा ४५.३ प्रतिशत रहेको छ। त्यसैगरी, सार्वजनिक वित्त २३.० प्रतिशत, जलवायु परिवर्तन १२.० प्रतिशत, शहरी विकास ९.५ प्रतिशत, डिजिटल सेवा ४.५ प्रतिशत, शिक्षा, स्वास्थ्य र सामाजिक क्षेत्र २.८ प्रतिशत, कृषि, पर्यटन, मानव संशाधन ०.८ प्रतिशत र सुशासन तथा अन्य अन्तर्गत २.० प्रतिशत रहेको छ।

**चार्ट (ङ): चालु आर्थिक वर्षको जेठसम्म प्राप्त वैदेशिक सहायता प्रतिबद्धताको क्षेत्रगत स्थिति** (रू.करोडमा)




स्रोतः अर्थ मन्त्रालय, २०८३।

## संघीय सरकारको वित्त स्थिति

१८. चालु आर्थिक वर्षको जेठसम्म सङ्घीय आय ५.७५ प्रतिशतले वृद्धि भई रु.९ खर्ब ७० अर्ब ९७ करोड पुगेको छ। गत आर्थिक वर्षको जेठसम्म यस्तो आय रु.९ खर्ब १८ अर्ब १५ करोड रहेको थियो। यस अवधिमा संघीय राजस्व (बाँडफाँट अघिको रोयल्टी सहित) ५.८८ प्रतिशतले बढेको छ। यस अवधिमा सार्वजनिक ऋण परिचालन १.० प्रतिशतले बढेको छ।

### तालिका (च): संघीय सरकारको जेठसम्मको वित्त स्थितिको तुलनात्मक विवरण

| विवरण | जेठसम्म | | वृद्धिदर |
|---|---|---|---|
| | २०८१/८२ | २०८२/८३ | २०८२/८३ |
| **कुल सरकारी खर्च** | **१२८२९४.४३** | **१३४६६५.३९** | **४.९७** |
| चालु खर्च | ८५१५८.१९ | ९०८२६.८१ | ६.६६ |
| पुँजीगत खर्च | १४३३८.८८ | १३२६६.७७ | -७.४८ |
| वित्तीय व्यवस्था | २८७९७.३६ | ३०५७१.८१ | ६.१६ |
| **सङ्घीय राजस्व** | **८८९४७.७५** | **९४१७८.५६** | **५.८८** |
| कर | ७९१३९.३७ | ८४१८२.५६ | ६.३७ |
| गैर कर | ९८०८.३७ | ९९९६.०० | १.९१ |
| वैदेशिक अनुदान | १७०८.५४ | २२८८.५९ | ३३.९५ |
| नगद मौज्दात र बेरूजु | ११५८.४४ | ६२९.३८ | -४५.६७ |
| **सङ्घीय आय** | **९१८१४.७३** | **९७०९६.५३** | **५.७५** |
| आन्तरिक ऋण परिचालन | ३१४९९.०६ | ३३८६६.६९ | ७.५२ |
| वैदेशिक ऋण परिचालन | ९९२०.१७ | ७९४६.०३ | -१९.९० |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८३।

नोटः सङ्घीय गैरकर राजस्वमा बाँडफाँट अघिको रोयल्टीसहित गणना गरिएकोले पछि यो परिमाणमा केही फरक पर्न सक्नेछ।

१९. चालु आर्थिक वर्षको जेठसम्म आन्तरिक ऋण रु.३ खर्ब ३८ अर्ब ६७ करोड र बाह्य ऋण रु.७९ अर्ब ४६ करोड गरी जम्मा रु.४ खर्ब १८ अर्ब १३ करोड बराबरको सार्वजनिक ऋण परिचालन भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो परिचालन रु.४ खर्ब १४ अर्ब १९ करोड रहेको थियो।

## वित्त परिसूचक

२०. गत आर्थिक वर्षको जेठसम्मको तुलनामा चालु आर्थिक वर्षको जेठसम्म वित्त परिसूचकको अवस्था मिश्रित रहेको छ। यस अवधिमा बजेट घाटा बढेको र राजस्व बचत घटेपनि सङ्घीय सरकारको वित्त घाटामा भने केही सुधार भएको छ। चालु आर्थिक वर्षको जेठसम्म संघीय सरकारको बजेट घाटा ३.० प्रतिशतले बढेर रू.३ खर्ब ७५ अर्ब ६९ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो घाटा रू.३ खर्ब ६४ अर्ब ८० करोड रहेको थियो।

### तालिका (छ): संघीय सरकारका वित्त परिसूचकहरु (रु. करोडमा)

| वित्त सन्तुलन | जेठसम्म | |
|---|---|---|
| | २०८१/८२ | २०८२/८३ |
| बजेट सन्तुलन | -३६४७९.७० | -३७५६८.८६ |
| राजस्व सन्तुलन | ३७८९.५६ | ३३५१.७५ |
| समग्र वित्त सन्तुलन (अनुदान सहित) | -७६८२.३४ | -६९९७.०५ |

स्रोतः महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्क, २०८३ बाट गणना गरिएको।

नोटः सङ्घीय राजस्व अन्तर्गत बाँडफाँट अघिको रोयल्टीसमेत गणना गरिएकोले पछि यो परिमाणमा केही फरक पर्न सक्नेछ।


२१. चालु आर्थिक वर्षको जेठसम्म संघीय सरकारको राजस्व बचत केही घटेको छ। गत आर्थिक वर्षको जेठसम्म राजस्व सन्तुलन रू.३७ अर्ब ९० करोडले बचतमा रहेकोमा यस अवधिमा यस्तो बचत रू.३३ अर्ब ५२ करोड रहेको छ।

२२. चालु आर्थिक वर्षको जेठसम्म संघीय सरकारको समग्र वित्त घाटामा केही सुधार भएको बढेको छ। गत आर्थिक वर्षको जेठसम्म संघीय सरकारको समग्र वित्त घाटा रू.७६ अर्ब ८२ करोड रहेकोमा यस अवधिमा ८.९ प्रतिशतले सुधार भई रू.६९ अर्ब ९७ करोड रहेको छ।

## सार्वजनिक ऋण

२३. २०८३ जेठसम्म आन्तरिक ऋण रू.१३ खर्ब ७७ अर्ब २८ करोड र बाह्य ऋण रू.१५ खर्ब ८३ अर्ब ९१ करोड गरी सरकारको सार्वजनिक ऋण रू.२९ खर्ब ६१ अर्ब २० करोड पुगेको छ। कुल गार्हस्थ्य उत्पादनको अनुपातमा २०८२ जेठमा सरकारको सार्वजनिक ऋण ४२.८ प्रतिशत रहेकोमा २०८३ जेठमा ४४.९ प्रतिशत पुगेको छ।

**चार्ट (च): सार्वजनिक ऋणको स्थिति** (रु. अर्बमा)




स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८३।

२४. २०८३ जेठसम्म विभिन्न दश मुद्रामा वैदेशिक ऋण प्राप्त भएको छ। यस अवधिसम्मको तिर्न बाँकी कुल सार्वजनिक ऋणमध्ये Special Drawing Right (SDR) अङ्कित ऋण सबैभन्दा बढी ७१.२३ प्रतिशत रहेको छ। त्यसैगरी, अमेरिकी डलर अङ्कित ऋण २१.३२ प्रतिशत, जापानीज येन अङ्कित ऋण ३.८३ प्रतिशत र चाईनिज यूआन अङ्कित ऋण २.४३ प्रतिशत रहेको छ। यूरो, पाउण्ड स्टर्लिङ्ग, कुवेती दिनार, कोरियन वन, साउदी रियाल र डेनिस क्रोन अङ्कित ऋण १.१९ प्रतिशत रहेको छ।

**तालिका (ज): सार्वजनिक ऋण पोर्टफोलियोको विश्लेषण** (कुल सार्वजनिक ऋणको प्रतिशतमा)

| सूचक | २०८३ जेठसम्म |
|---|---|
| **ऋण संरचना** | १००.०० |
| बाह्य ऋण अनुपात | ५३.४९ |
| आन्तरिक ऋण अनुपात | ४६.५१ |
| **बाह्य ऋण पोर्टफोलियो** | **५३.४९** |
| बहुपक्षीय | ४८.५९ |
| द्विपक्षीय | ४.९० |
| **बहुपक्षीय विकास बैंक/निकायहरु** | **४८.५९** |
| अन्तर्राष्ट्रिय मुद्रा कोष | २.४३ |
| विश्व बैंक | २६.०६ |
| एसियाली विकास बैंक | १८.४५ |
| अन्य | १.६५ |
| **द्विपक्षीय निकायहरु** | **४.९०** |
| पेरिस क्लब | ०.०२ |
| जाइका | २.०५ |
| कोरिया एक्जिम बैंक | ०.१५ |
| गैर पेरिस क्लब मुलकहरु | ०.१७ |
| चाइना एक्जिम बैंक | १.३० |
| भारतीय एक्जिम बैंक | १.२२ |

स्रोतः सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, जेठ, २०८३।

२५. अमेरिकी डलर र SDR सँग नेपाली रुपैयाँ तीव्रदरले अवमूल्यन भएकाले चालु आर्थिक वर्षको जेठसम्म ११ महिनाको अवधिमा मात्र विनिमय दर नोक्सानी रु.१ खर्ब ५३ अर्ब ४८ करोड रहेको छ। २०८२ असार मसान्तको तुलनामा २०८३ जेठ मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ ९.८ प्रतिशतले अवमूल्यन भएको छ।

२६. २०८३ जेठसम्म तिर्न बाँकी कुल वैदेशिक ऋणमध्ये जाईका, बेल्जियम, चीन, कुवेत कोष, नर्वेजियन कोष, साउदी कोष लगायतका सरकार/निकायबाट प्राप्त द्विपक्षीय ऋण रु.१ खर्ब ४५ अर्ब १४ करोड (९.१६ प्रतिशत) र एडिबि, आइडिए, आईएमएफ लगायतका बहुपक्षीय निकायबाट प्राप्त ऋण रु.१४ खर्ब ३८ अर्ब ७७ करोड (९०.८४ प्रतिशत) रहेको छ।

२७. पछिल्लो एक वर्षको अवधिमा कुल सार्वजनिक ऋणमध्ये वैदेशिक ऋणको अंश बढेको छ। २०८३ जेठसम्म तिर्न बाँकी कुल सार्वजनिक ऋणमध्ये आन्तरिक ऋण र बाह्य ऋणको अनुपात क्रमशः ४६.५१ प्रतिशत र ५३.४९ प्रतिशत रहेको छ। २०८२ जेठसम्म यस्तो अनुपात क्रमशः ४७.९४ प्रतिशत र ५२.०६ प्रतिशत रहेको थियो।

२८. चालु आर्थिक वर्षको जेठसम्म सार्वजनिक ऋणको सावाँतर्फ रु.२ खर्ब ८४ अर्ब ४६ करोड र ब्याजतर्फ रु.६७ अर्ब २९ करोड भुक्तानी भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो भुक्तानी क्रमशः रु.२ खर्ब ६६ अर्ब ६६ करोड र रु.६२ अर्ब ९५ करोड रहेको थियो।

२९. चालु आर्थिक वर्षको जेठसम्म सरकारको ऋण सेवा खर्च ६.७ प्रतिशतले बढेर रु.३ खर्ब ५१ अर्ब ७५ करोड रहेको छ, जुन यस अवधिको संघीय सरकारी खर्चको अनुपातमा २६.१ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा संघीय सरकारी खर्चको अनुपातमा ऋण सेवा खर्च २५.७ प्रतिशत रहेको थियो।

३०. चालु आर्थिक वर्षको जेठसम्म वैदेशिक अनुदान रु.२२ अर्ब ८९ करोड र वैदेशिक ऋण रु.७९ अर्ब ४६ करोड गरी कुल वैदेशिक सहायता प्राप्ति रु.१ खर्ब २ अर्ब ३५ करोड रहेको छ, जुन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १२.० प्रतिशतले न्यून हो। गत आर्थिक वर्षको जेठसम्म वैदेशिक सहायता प्राप्ति रु.१ खर्ब १६ अर्ब २९ करोड रहेको थियो।

३१. पछिल्ला वर्षमा तिर्न बाँकी कुल आन्तरिक ऋणमा मध्यमकालीन ऋणपत्र (टी-वण्ड) को अंश बढ्दै गएको छ भने अल्पकालीन ऋणपत्र (ट्रेजरी बिल) को अंश घट्दै गएको छ। २०८३ जेठसम्मको आन्तरिक ऋण दायित्वमा विकास ऋणपत्रको अंश करिब तीन चौथाई (७३.७ प्रतिशत) रहेको छ भने ट्रेजरी बिलको अंश २४.९ प्रतिशतमा झरेको छ। त्यसैगरी, अन्य ऋणपत्र (वैदेशिक रोजगार बचतपत्र, नागरिक बचतपत्र र IMF Bond) को अंश १.४ प्रतिशत मात्र रहेको छ।

## वित्तीय क्षेत्र

३२. २०८३ जेठसम्म २० वाणिज्य बैङ्क, १७ विकास बैङ्क, १७ वित्त कम्पनी, ५१ लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैङ्क गरी कुल १०६ बैङ्क तथा वित्तीय संस्था सञ्चालनमा रहेका छन्।

३३. चालु आर्थिक वर्षको जेठसम्म वित्तीय स्थायित्वका अधिकांश सुचक सूधारोन्मूख रहेका छन्। बैङ्क तथा वित्तीय संस्थाको निष्क्रिय कर्जाको औसत अनुपात २०८२ जेठमा ५.२४ प्रतिशत रहेकोमा २०८३ जेठमा बढेर ५.६० प्रतिशत पुगेको छ।

३४. वित्तीय पहुँचमा वृद्धि हुँदै गएसँगै बैकिङ्ग कारोबार गर्ने जनसङ्ख्या उल्लेख्य रूपमा बढेको छ। २०८३ जेठमा बैङ्क तथा वित्तीय संस्थाहरूमा निक्षेप खाता ६ करोड ३१ लाख, कर्जा खाता २० लाख ४९ हजार, मोबाइल बैकिङ्ग सेवा प्रयोगकर्ता ३ करोड १ लाख र इन्टरनेट बैकिङ्ग सेवाका प्रयोगकर्ता २४ लाख ५६ हजार रहेका छन्। गत आर्थिक वर्षको जेठसम्मको तुलनामा चालु आर्थिक वर्षको जेठसम्म ३६ लाख ३७ हजार निक्षेप खाता र ८२ हजार कर्जा खाता थप भएका छन्।

३५. चालु आर्थिक वर्षको जेठसम्म बैङ्क तथा वित्तीय संस्थाको निक्षेप गत आर्थिक वर्षको जेठको रु.६९ खर्ब ६९ अर्ब ९९ करोडको तुलनामा १५.० प्रतिशतले बढेर रु.८० खर्ब १२ अर्ब ४९ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो वृद्धिदर १२.० प्रतिशत रहेको थियो।

३६. चालु आर्थिक वर्षको जेठसम्म बैङ्क तथा वित्तीय संस्थाबाट निजी क्षेत्रमा प्रवाहित कर्जा गत आर्थिक वर्षको जेठको रु.५४ खर्ब ८१ अर्ब ५९ करोडको तुलनामा ६.५ प्रतिशतले बढेर रु.५८ खर्ब ३८ अर्ब २७ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो कर्जाको वृद्धिदर ८.७ प्रतिशत रहेको थियो।

**तालिका (झ): जेठसम्मका वित्तीय परिसूचकहरू**

| वित्तीय सूचकहरु | २०८१ जेठ | २०८२ जेठ | २०८३ जेठ |
|---|---|---|---|
| **कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा** | | | |
| कुल निक्षेप | १०८.१ | ११२.४ | १२१.४ |
| निजी क्षेत्रतर्फ प्रवाहित कर्जा | ८७.६ | ८८.४ | ८८.५ |
| **कुल कर्जा लगानीको प्रतिशतमा** | | | |
| निष्कृय कर्जा | ३.९८ | ५.२४ | ५.६० |
| विपन्न क्षेत्र कर्जा | ६.३८ | ५.७४ | ५.२६ |
| **वित्तीय पहुँचका परिसूचकहरू** | | | |
| बैङ्क तथा वित्तीय संस्था (सङ्ख्यामा) | ११० | १०७ | १०६ |
| बैङ्क तथा वित्तीय संस्थाका शाखा सञ्जाल (सङ्ख्यामा) | ११५२९ | ११५१९ | ११३४४ |
| कुल निक्षेप खाता (सङ्ख्या लाखमा) | ५५४.७६ | ५९४.२९ | ६३०.६६ |
| कुल कर्जा खाता (सङ्ख्या लाखमा) | १९.०१ | १९.६७ | २०.४९ |
| एटिएम (सङ्ख्यामा) | ५१८२ | ५२६५ | ५१५६ |
| **भारित औसत ब्याजदर (प्रतिशतमा)** | | | |
| निक्षेप | ६.०६ | ४.२९ | ३.२९ |
| कर्जा | १०.१५ | ७.९९ | ६.६४ |

स्रोतः नेपाल राष्ट्र बैंक, २०८३।

३७. २०८३ जेठसम्म कुल निक्षेपमा बचत निक्षेप ४६.६ प्रतिशत, मुद्दती निक्षेप ३७.३ प्रतिशत, चल्ती निक्षेप ६.९ प्रतिशत र अन्य निक्षेपको अंश ९.२ प्रतिशत रहेको छ। २०८२ जेठ मसान्तमा यस्तो अंश क्रमशः ३६.२ प्रतिशत, ५०.२ प्रतिशत, ५.७ प्रतिशत र ७.९ प्रतिशत रहेको थियो। निक्षेपको ब्याजदर न्यून हुँदै जाँदा मुद्धति निक्षेपको अंश क्रमशः घट्दै गई बचत निक्षेपको अंश क्रमशः बढ्दै गएको देखिन्छ।

**तालिका (ञ) :चालु आर्थिक वर्षको जेठसम्मका वित्तीय क्षेत्रका चरहरुको मासिक स्थिति**

| विवरण | २०८२ असारमसान्त | परिवर्तन (थपघट भएको)-रू.करोडमा | | | | | | | | | | | २०८३ जेठमसान्त |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | साउन | भदौ | असोज | कार्तिक | मंसिर | पुस | माघ | फागुन | चैत | वैशाख | जेठ | |
| विस्तृत मुद्राप्रदाय | ७८४५६१ | -५८०० | ८४६९ | २२१६२ | -१३४० | ५३८७ | १३८४९ | ३८१७ | ६३५४ | १०४०७ | ८५१५ | ५४४५ | ८६१८२६ |
| निक्षेप सङ्कलन | ७२६३८७ | -५५७९ | ८८६५ | १८५८५ | ३६६ | ५९५२ | १३५५८ | १६२४ | ४८३० | १३३६६ | ६९७४ | ६३२१ | ८०१२४९ |
| निजी क्षेत्र माथिको दाबी | ५६२४६९ | १२५७ | ७५१७ | -१३३ | -२७२ | ६४९४ | ६४९२ | ४१०९ | २८९७ | ३६२६ | १५४० | ५८०३ | ६०१७९९ |
| बजार पुँजीकरण | ४६५६९९ | -७२ | -१८८९८ | -३०९४० | १०७७९ | १०२४८ | ६६८६ | ४९७६ | २५९९४ | ८८११ | -१७६४० | -१८८ | ४६५४५५ |
| **भारित औसत ब्याजदर (वाणिज्य बैंक)-प्रतिशतमा** | | | | | | | | | | | | | |
| निक्षेप दर | ४.१९ | ४.०२ | ३.९६ | ३.८५ | ३.७४ | ३.६६ | ३.५६ | ३.५१ | ३.४५ | ३.४० | ३.३५ | ३.२९ | ३.२९ |
| कर्जा दर | ७.८५ | ७.७६ | ७.६६ | ७.५० | ७.३८ | ७.२६ | ७.१२ | ७.०० | ६.९० | ६.७७ | ६.७३ | ६.६४ | ६.६४ |
| आधार दर | ६.०२ | ५.७८ | ५.७२ | ५.५६ | ५.४४ | ५.३८ | ५.२९ | ५.१२ | ५.१० | ५.०६ | ४.९७ | ४.८८ | ४.८८ |
| अन्तरबैंक ब्याजदर | २.९२ | २.७५ | २.७५ | २.७५ | २.७५ | २.७४ | २.७५ | २.७५ | २.६९ | २.७५ | २.७५ | २.७३ | २.७३ |
| **पुंजी बजार** | | | | | | | | | | | | | |
| नेप्से सूचकाङ्क | २७९४.८ | २७८८.४ | २६७२.३ | २४८७.२ | २५४०.६ | २६०१.६ | २६४१.४ | २६७१.१ | २८२०.५ | २८३३.६ | २७३०.२ | २७२४.० | २७२४.० |

स्रोतः नेपाल राष्ट्र बैंक, २०८३।

## बीमा क्षेत्र

३८. २०८३ जेठसम्म बीमा कम्पनीको शाखा सङ्ख्या २ हजार ९ सय ९३ रहेको छ। यसमध्ये जीवन बीमाको शाखा सङ्ख्या १ हजार ८ सय ३८ र निर्जीवन बीमाको शाखा सङ्ख्या १ हजार १ सय ५५ रहेका छन्। २०८२ जेठसम्म यस्तो सङ्ख्या क्रमशः १ हजार ८ सय ५० र १ हजार १ सय ५७ गरी ३ हजार ७ रहेको थियो।


३९. २०८३ जेठसम्म जीवन बीमा शुल्क रु.१ खर्ब ७७ अर्ब ६६ करोड र निर्जीवन बीमा शुल्क रु.४५ अर्ब ५८ करोड गरी कुल बीमा शुल्क २०८२ जेठसम्मको रू.१ खर्ब ९५ अर्ब ४ करोडको तुलनामा १४.५ प्रतिशतले वृद्धि भई रु.२ खर्ब २३ अर्ब २४ करोड पुगेको छ। २०८३ जेठसम्म सक्रिय बीमालेखमध्ये जीवन बीमातर्फको सङ्ख्या १ करोड ६६ लाख ५५ हजार ४ सय ८३ र निर्जीवन बीमातर्फको सङ्ख्या ३१ लाख ६ हजार ६ सय २२ रहेको छ।

४०. वैदेशिक रोजगार म्यादी जीवन बीमाको दायरा बढेसँगै २०८३ जेठसम्म वैदेशिक रोजगार म्यादी जीवन बीमासहित ५१.०२ प्रतिशत जनसङ्ख्यामा जीवन बीमाको पहुँच पुगेको छ। २०८२ जेठसम्म यस्तो पहुँच ४७.९५ प्रतिशत जनसङ्ख्यामा पुगेको थियो।

## पुँजी बजार

४१. २०८३ जेठ मसान्तमा नेप्से सूचकाङ्क २७२४.०३ विन्दु कायम भएको छ। २०८२ जेठ मसान्तमा यस्तो सूचकाङ्क २६५५.४ विन्दु कायम रहेको थियो।


**चार्ट (छ): पछिल्लो ३ दशकको जेठ मसान्तको नेप्से सूचकाङ्क**




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड, २०८३।

४२. कारोबार भएको पहिलो दिन २०८३ जेठ १ गते २७३१.९४ विन्दुमा रहेको नेप्से सूचकाङ्क महिनाको अन्तिम कारोबार भएको दिन जेठ २९ गते २७२४.०३ विन्दु (महिनाकै सबैभन्दा न्यून) कायम भएको छ। २०८३ जेठ ११ गते नेप्से सूचकाङ्क महिनाकै सबैभन्दा उच्च २७८६.३५ विन्दुमा पुगेको थियो। २०८३ जेठमा पुँजी बजारमा जम्मा १९ दिन मात्र धितोपत्र कारोबार भएको थियो।

**चार्ट (ज): २०८३ जेठ महिनाको नेप्से सूचकाङ्कको प्रवृत्ति**





स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड, २०८३।

## समग्र मूल्य स्थिति

४३. चालु आर्थिक वर्षको जेठसम्म औसत उपभोक्ता मुद्रास्फीति २.८९ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ४.२४ प्रतिशत रहेको थियो। वार्षिक विन्दुगत आधारमा, २०८३ जेठमा उपभोक्ता मुद्रास्फीति ५.२२ प्रतिशत रहेको छ। २०८२ जेठमा यस्तो मुद्रास्फीति २.७२ प्रतिशत रहेको थियो।

चार्ट (झ): पछिल्लो ७ वर्षको जेठ महिनाको उपभोक्ता मुद्रास्फीति (प्रतिशतमा)




स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८३।

४४. वार्षिक विन्दुगत आधारमा २०८३ जेठमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ४.९५ प्रतिशत रहेको छ। यस्तो मुद्रास्फीति २०८२ जेठमा ०.५४ प्रतिशत रहेको थियो। वार्षिक विन्दुगत आधारमा २०८३ जेठमा गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीति ५.३७ प्रतिशत रहेको छ। २०८२ जेठमा यस्तो मुद्रास्फीति ३.९४ प्रतिशत रहेको थियो।

तालिका (ट) : चालु आर्थिक वर्षको जेठसम्मको मासिक समग्र मूल्य स्थिति (प्रतिशतमा)


| महिना | उपभोक्ता मुद्रास्फीति | | | थोक मुद्रास्फीति | राष्ट्रिय तलब तथा ज्यालदर सूचकाङ्क |
|---|---|---|---|---|---|
| | कुल | खाद्य र पेय पदार्थ | गैरखाद्य तथा सेवा क्षेत्र | | |
| साउन | १.६८ | -२.२८ | ३.९५ | २.३७ | |
| भदौ | १.८७ | -१.३४ | ३.७० | २.१० | ४.३५ |
| असोज | १.४७ | -२.५४ | ३.८० | १.३२ | |
| कार्तिक | १.११ | -३.३२ | ३.६९ | २.६५ | |
| मंसिर | १.६३ | -२.०५ | ३.७५ | २.७८ | ५.८५ |
| पुस | २.४२ | -०.०९ | ३.८१ | ५.१७ | |
| माघ | ३.२५ | २.५० | ३.६६ | ६.२१ | |
| फागुन | ३.६२ | ३.६० | ३.६३ | ३.६४ | ६.३० |
| चैत | ४.४७ | ४.०१ | ४.७२ | ३.९२ | |
| वैशाख | ५.०४ | ४.६३ | ५.२६ | ५.९६ | |
| जेठ | ५.२२ | ४.९५ | ५.३७ | ८.४७ | |
| **औसत** | **२.८९** | **०.७३** | **४.१२** | **४.०५** | **५.५०** |

स्रोतः नेपाल राष्ट्र बैंक, २०८३।

४५. वार्षिक विन्दुगत आधारमा थोक मुद्रास्फीति २०८३ जेठमा ८.४७ प्रतिशत रहेको छ। २०८२ जेठमा यस्तो मुद्रास्फीति १.५६ प्रतिशत रहेको थियो।

४६. वार्षिक विन्दुगत आधारमा आर्थिक वर्ष २०८२/८३ को तेस्रो त्रयमासमा तलब तथा ज्याला सूचकाङ्क ६.३० प्रतिशतले बढेको छ। अघिल्लो आर्थिक वर्षको सोही त्रयमासमा उक्त सूचकाङ्क २.६० प्रतिशतले बढेको थियो।

चार्ट (ञ): मासिकरुपमा उपभोक्ता मुद्रास्फीतिको प्रवृत्ति




स्रोतः नेपाल राष्ट्र बैंक, २०८३।

४७. अन्तर्राष्ट्रिय बजारमा २०८२ जेठ मसान्तमा प्रति ब्यारल अमेरिकी डलर ७६.० रहेको कच्चा पेट्रोलियमको मूल्य १६.६३ प्रतिशतले वृद्धि भई २०८३ जेठ मसान्तमा प्रति ब्यारल अमेरिकी डलर ८८.६४ कायम भएको छ। यसैगरी, अन्तर्राष्ट्रिय बजारमा २०८२ जेठ मसान्तमा प्रति आउन्स सुनको मूल्य अमेरिकी डलर ३४३५.३५ रहेकोमा २०८३ जेठ मसान्तमा २१.८५ प्रतिशतले वृद्धि भई अमेरिकी डलर ४१८५.९५ पुगेको छ।

तालिका (ठ): पछिल्लो ७ आर्थिक वर्षको जेठसम्मको समग्र मूल्य स्थिति

| विवरण | जेठसम्म / जेठ महिनाको | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| **उपभोक्ता मुद्रास्फीति (जेठ महिनाको)** | **४.५४** | **४.१९** | **८.५६** | **६.८३** | **४.१७** | **२.७२** | **५.२२** |
| खाद्य तथा पेय पदार्थ | ५.३३ | ६.३५ | ७.४१ | ५.०० | ५.८५ | ०.५४ | ४.९५ |
| गैरखाद्य तथा सेवा क्षेत्र | ४.०२ | २.७९ | ९.३३ | ८.०६ | ३.०७ | ३.९४ | ५.३७ |
| **उपभोक्ता मुद्रास्फीति (११ महिनाको औसत)** | **६.२८** | **३.५५** | **६.१८** | **७.७७** | **५.६२** | **४.२४** | **२.८९** |
| खाद्य तथा पेय पदार्थ | ८.६९ | ५.१० | ५.३२ | ५.९२ | ६.७२ | ५.२७ | ०.७३ |
| गैरखाद्य तथा सेवा क्षेत्र | ४.७४ | २.५३ | ६.७३ | ९.०१ | ४.९० | ३.६७ | ४.१२ |
| **थोक मुद्रास्फीति (जेठ महिनाको)** | **३.९६** | **९.००** | **१४.७७** | **३.१०** | **५.४८** | **१.५६** | **८.४७** |
| **थोक मुद्रास्फीति (११ महिनाको औसत)** | **७.००** | **७.५५** | **९.२६** | **८.९२** | **३.८७** | **४.११** | **४.०५** |

स्रोतः नेपाल राष्ट्र बैंक, २०८३।

## वस्तु निकासी

४८. चालु आर्थिक वर्षको जेठसम्म कुल वस्तु निर्यात १२.३ प्रतिशतले वृद्धि भई रु.२ खर्ब ७७ अर्ब ९७ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो निर्यात ७७.८ प्रतिशतले वृद्धि भई रु.२ खर्ब ४७ अर्ब ५७ करोड पुगेको थियो। चालु आर्थिक वर्षको जेठसम्म भारत र अन्य मुलुकतर्फको निर्यात क्रमशः १३.६ प्रतिशत र ९.२ प्रतिशतले वृद्धि भएको छ भने चीनतर्फको निर्यातमा ३५.८ प्रतिशतले कमी आएको छ।

४९. चालु आर्थिक वर्षको जेठसम्म भटमासको तेल, अलैंची, पाम तेल, चाउचाउ लगायतका वस्तुको निर्यात बढेको छ भने चिया, पार्टिकल बोर्ड, हस्तकलाका सामान, ऊनी गलैचा, जिङ्क सिट लगायतका वस्तुको निर्यात घटेको छ।

**तालिका (ड): जेठसम्म निकासी भएका प्रमुख १० वस्तुहरू** (रू. करोडमा)

| विवरण | जेठसम्म | | | कुल निर्यातमा अंश (%) | वृद्धिदर (प्रतिशतमा) | |
|---|---|---|---|---|---|---|
| | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | | २०८१/८२ | २०८२/८३ |
| भटमासको तेल (प्रशोधित) | ८७.४९ | ९३५१.६८ | ११३१८.३२ | ४०.७ | - | २१.० |
| पोलिष्टर यार्न र धागो | १००५.८७ | १२२७.२३ | १२७०.३७ | ४.६ | २२.० | ३.५ |
| अलैंची | ७४७.२६ | ७१८.११ | १२००.०७ | ४.३ | -३.९ | ६७.१ |
| उनी गलैचा कार्पेट | ९७३.०१ | ९७७.७६ | ९३७.७४ | ३.४ | ०.५ | -४.१ |
| जुटका बुनिएका कपडा | ६१९.३० | ७३६.८० | ८४५.४१ | ३.० | १९.० | १४.७ |
| पाम तेल (प्रशोधित) | ६३१.८२ | १९९.४१ | ७३१.४२ | २.६ | -६८.४ | २६६.८ |
| जुस | ७९१.३२ | ७२३.४३ | ७०७.९० | २.५ | -८.६ | -२.१ |
| तयारी कपडा | ५८०.२९ | ५१४.१६ | ५९१.८६ | २.१ | -११.४ | १५.१ |
| पार्टिकल बोर्ड | ६६८.०३ | ६६१.०७ | ५०७.४५ | १.८ | -१.० | -२३.२ |
| आयल केक | २६७.१४ | ३२६.८१ | ३४९.३३ | १.३ | २२.३ | ६.९ |
| अन्य | ७५५४.६४ | ९३२०.५७ | ९३३६.८४ | ३३.६ | २३.४ | ०.२ |
| **कुल निर्यात** | **१३९२६.१७** | **२४७५७.०२** | **२७७९६.७३** | **१००.०** | **७७.८** | **१२.३** |

स्रोतः नेपाल राष्ट्र बैंक, २०८३।

५०. चालु आर्थिक वर्षको जेठसम्मको कुल निकासीमध्ये भारत, चीन, र अन्य देशतर्फ भएको निकासीको अंश क्रमशः ८२.१ प्रतिशत, ०.६ प्रतिशत र १७.४ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ८१.१ प्रतिशत, १.० प्रतिशत र १७.८ प्रतिशत रहेको थियो।

५१. चालु आर्थिक वर्षको जेठसम्म निकासी भएका प्रमुख वस्तुमा भटमासको तेल (प्रशोधित) को अंश करिव ४०.७ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिको निकासीमध्ये उक्त तेलको अंश ३७.८ प्रतिशत रहेको थियो। यस अवधिमा निकासी भएका प्रमुख १० वस्तुको हिस्सा कुल निकासीको ६६.४ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यी वस्तुहरुको कुल निकासीमा हिस्सा ६२.४ प्रतिशत रहेको थियो।

## वस्तु पैठारी

५२. चालु आर्थिक वर्षको जेठसम्म कुल वस्तु आयात १५.२ प्रतिशतले वृद्धि भई रु.१८ खर्ब ९४ अर्ब १० करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो आयात १३.१ प्रतिशतले बढेको थियो। चालु आर्थिक वर्षको जेठसम्म भारत, चीन र अन्य मुलुकबाट भएको आयात क्रमशः ११.८ प्रतिशत, २१.५ प्रतिशत र १८.९ प्रतिशतले बढेको छ। गत आर्थिक वर्षमा यस्तो वृद्धि क्रमशः ७.६ प्रतिशत, १५.३ प्रतिशत र २९.५ प्रतिशत रहेको थियो।

**तालिका (ढ) : जेठसम्म पैठारी भएका प्रमुख १० वस्तुहरू** (रू. करोडमा)

| विवरण | जेठसम्म | | | कुल आयातमा अंश (%) | वृद्धिदर (प्रतिशतमा) | |
|---|---|---|---|---|---|---|
| | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | | २०८१/८२ | २०८२/८३ |
| पेट्रोलियम पदार्थ | २७३६२.७ | २६१२३.४ | ३०९४५.३ | १६.३ | -४.५ | १८.५ |
| भटमासको तेल (कच्चा) | १३०२.३ | ९४७७.५ | ११०६८.६ | ५.८ | ६२७.८ | १६.८ |
| यातायातका उपकरण, साधन र पार्टस् | ७२०६.५ | ८६६३.५ | ११०४२.७ | ५.८ | २०.२ | २७.५ |
| अन्य उपकरण र पार्टस् | ६९९४.३ | ७४४३.३ | ९०२०.० | ४.८ | ६.४ | २१.२ |
| स्पोन्ज फलाम | ३५१३.० | ४५७१.५ | ५३६९.१ | २.८ | ३०.१ | १७.४ |
| दुरसञ्चारका उपकरण र पार्टस | ३४२१.० | ३९४१.५ | ५२४७.५ | २.८ | १५.२ | ३३.१ |
| रासायानिक मल | ३०१२.१ | २७७५.० | ४९८३.२ | २.६ | -७.९ | ७९.६ |
| औषधी | ४०९३.१ | ४२३७.० | ४२६०.३ | २.२ | ३.५ | ०.६ |
| तयारी कपडा | ३१४४.१ | ३६७२.२ | ३८५१.३ | २.० | १६.८ | ४.९ |
| धान/चामल | २०९९.९ | ३८५७.५ | ३७६०.६ | २.० | ८३.७ | -२.५ |
| अन्य | ८३२२१.६ | ८९७१७.४ | ९९८६१.४ | ५२.७ | ७.८ | ११.३ |
| **कुल आयात** | **१४५३७०.४** | **१६४४७९.८** | **१८९४०९.९** | **१००.०** | **१३.१** | **१५.२** |

स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८३।

५३. चालु आर्थिक वर्षको जेठसम्म पेट्रोलियम पदार्थ, भटमासको कच्चा तेल, रासायनिक मल, यातायातका उपकरण, सवारी साधन तथा स्पेयर पार्टस्, दूरसञ्चारका उपकरण तथा पार्ट्सलगायतका वस्तुको आयात बढेको छ भने लसुन, खाने तेल, लसुन, एम.एस.विलेट, धान/चामल, एम.एस.तार लगायतका वस्तुको आयात घटेको छ। यस अवधिमा आयात भएको पेट्रोलियम पदार्थको अंश कुल आयातको १६.३ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश १५.९ प्रतिशत रहेको थियो।


५४. यस अवधिमा आयात भएका प्रमुख १० वस्तुको कुल आयातमा हिस्सा ४७.३ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यी वस्तुहरुको आयातमा हिस्सा ४५.५ प्रतिशत रहेको थियो।

५५. यस अवधिको कुल पैठारीमध्ये भारत, चीन र अन्य देशहरूतर्फ भएको पैठारीको अंश क्रमशः ५७.७ प्रतिशत, २०.२ प्रतिशत र २२.२ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो अनुपात क्रमशः ५९.४ प्रतिशत, १९.१ प्रतिशत र २१.५ प्रतिशत रहेको थियो।

## व्यापार सन्तुलन र कुल व्यापार

५६. चालु आर्थिक वर्षको जेठसम्म कुल वस्तु व्यापार घाटा १५.७ प्रतिशतले वृद्धि भई रु.१६ खर्ब १६ अर्ब १३ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो घाटा ६.३ प्रतिशतले बढेको थियो। यस अवधिमा निर्यात-आयात अनुपात १४.७ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो अनुपात १५.१ प्रतिशत पुगेको थियो।


चार्ट (ट): पछिल्लो दशकको जेठसम्मको वस्तु व्यापार घाटाको स्थिति (रू. अर्बमा)




स्रोतः भन्सार विभाग, २०८३।

५७. जेठसम्मको व्यापार घाटाको प्रवृत्ति हेर्दा आर्थिक वर्ष २०८०/८१ देखि वस्तु व्यापार घाटा क्रमशः बढ्दै गएको छ। पछिल्लो दशकको जेठसम्मको व्यापार घाटाको प्रवृत्ति हेर्दा सबैभन्दा बढी आर्थिक वर्ष २०८२/८३ मा रहेको छ।

चार्ट (ठ) : पछिल्लो दशकको जेठसम्मको कुल वस्तु व्यापारमा निकासी र पैठारीको अंश (प्रतिशतमा)




स्रोतः भन्सार विभाग, २०८३।

५८. चालु आर्थिक वर्षको जेठसम्म कुल वैदेशिक व्यापार १४.८ प्रतिशतले बढेर रु.२१ खर्ब ७२ अर्ब ७ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वैदेशिक व्यापार १८.८ प्रतिशतले बढेर रु.१८ खर्ब ९२ अर्ब ३७ करोड रहेको थियो।

५९. चालु आर्थिक वर्षको जेठसम्मको कुल वस्तु व्यापारमा निकासी र पैठारीको अंश क्रमशः १२.८ प्रतिशत र ८७.२ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश क्रमश १३.१ प्रतिशत र ८६.९ प्रतिशत रहेको थियो।

## सेवा व्यापार


६०. आर्थिक वर्ष २०८१/८२ को जेठसम्म कुल सेवा आय रू.२ खर्ब १५ अर्ब १२ करोड रहेकोमा चालु आर्थिक वर्षको जेठसम्म १५.१ प्रतिशतले वृद्धि भई रू.२ खर्ब ४७ अर्ब ७० करोड पुगेको छ। साथै, यस अवधिमा कुल सेवा खर्च गत आर्थिक वर्षको रु.२ खर्ब ९७ अर्ब ९० करोडको तुलनामा ७.५ प्रतिशतले वृद्धि भई रू.३ खर्ब २० अर्ब २४ करोड पुगेको छ।

६१. खुद सेवा आय गत आर्थिक वर्षको जेठसम्म रू.८२ अर्ब ७८ करोडले घाटामा रहेकोमा चालु आर्थिक वर्षको जेठसम्म १२.४ प्रतिशतले सुधार भई रु.७२ अर्ब ५४ करोडले घाटामा रहेको छ।

## विप्रेषण आप्रवाह र वैदेशिक रोजगार

६२. आर्थिक वर्ष २०८२/८३ को जेठसम्म विप्रेषण आप्रवाह गत आर्थिक वर्षको जेठसम्मको रू.१५ खर्ब ३४ अर्ब १६ करोडको तुलनामा ३८.२ प्रतिशतले वृद्धि भई रू.२१ खर्ब २० अर्ब ८० करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आप्रवाह १५.६ प्रतिशतले बढेको थियो। अमेरिकी डलरमा यस अवधिमा विप्रेषण आप्रवाह गत आर्थिक वर्षको जेठसम्मको ११ अर्ब २६ करोडको तुलनामा २९.६ प्रतिशतले वृद्धि भई १४ अर्ब ५९ करोड पुगेको छ।

चार्ट (ड) : पछिल्लो दशकको जेठसम्मको विप्रेषण आप्रवाहको प्रवृत्ति (रू. अर्बमा) र वृद्धिदर (प्रतिशतमा)




स्रोतः नेपाल राष्ट्र बैंक, २०८३।

६३. आर्थिक वर्ष २०८२/८३ को जेठसम्म वैदेशिक रोजगारीको लागि अन्तिम श्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्या ३ लाख ६७ हजार २ सय ११ र पुनःश्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्या ३ लाख ५५ हजार ७ सय ३५ रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो सङ्ख्या क्रमशः ४ लाख ५२ हजार ३ सय २४ र ३ लाख ८ हजार ६७ रहेको थियो। यस अवधिमा नयाँ श्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्या १८.८ प्रतिशतले घटेको छ भने पुनःश्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्या १५.५ प्रतिशतले बढेको छ।

## चालु खाता एवम् शोधनान्तर स्थिति

६४. चालु आर्थिक वर्षको जेठसम्म चालु खाता रु.८ खर्ब २ अर्ब ६ करोडले बचतमा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो बचत रु.३ खर्ब २१ अर्ब ७४ करोड रहेको थियो। अमेरिकी डलरमा गत आर्थिक वर्षको सोही अवधिमा २ अर्ब ३७ करोडले बचतमा रहेको चालु खाता चालु आर्थिक वर्षको जेठसम्म ५ अर्ब ५३ करोडले बचतमा रहेको छ।

६५. चालु आर्थिक वर्षको जेठसम्म शोधनान्तर स्थिति रु.९ खर्ब २६ अर्ब ६ करोडले बचतमा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो बचत रु.४ खर्ब ९१ अर्ब ४४ करोड रहेको थियो। अमेरिकी डलरमा गत आर्थिक वर्षको सोही अवधिमा ३ अर्ब ६२ करोडले बचतमा रहेको शोधनान्तर स्थिति चालु आर्थिक वर्षको जेठसम्म ६ अर्ब ३९ करोडले बचतमा रहेको छ।

## विदेशी विनिमय सञ्चिति

६६. २०८२ असार मसान्तमा रु.२६ खर्ब ७७ अर्ब ६८ करोड रहेको कुल विदेशी विनिमय सञ्चिति ४०.३ प्रतिशतले वृद्धि भई २०८३ जेठ मसान्तमा रु.३७ खर्ब ५५ अर्ब ६४ करोड पुगेको छ। यस्तो सञ्चिति २०८२ असार मसान्तमा १९ अर्ब ५० करोड अमेरिकी डलरमा रहेकोमा २०८३ जेठ मसान्तमा २४.० प्रतिशतले वृद्धि भई २४ अर्ब ६८ करोड अमेरिकी डलर पुगेको छ।

६७. चालु आर्थिक वर्षको जेठसम्मको आयातलाई आधार मान्दा बैङ्किङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति २२.५ महिनाको वस्तु आयात र १९.१ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त छ। गत आर्थिक वर्षको जेठसम्म यस्तो सञ्चिति क्रमशः १८.२ महिनाको वस्तु आयात र १५.४ महिना बराबरको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको थियो।

## वैदेशिक लगानी आप्रवाह

६८. चालु आर्थिक वर्षको जेठसम्म कुल प्रत्यक्ष वैदेशिक लगानी आप्रवाह १०६.२ प्रतिशतले वृद्धि भई रु.२२ अर्ब ८३ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो आप्रवाह रु.११ अर्ब ७ करोड रहेको थियो।

६९. चालु आर्थिक वर्षको जेठसम्म विदेशी लगानीकर्ताले लगानी/लाभांश बापत रु.६ अर्ब ७ करोड फिर्ता लगेका छन्। गत आथिक वर्षको सोही अवधिमा यस्तो रकम रु.४ अर्ब ७१ करोड रहेको थियो।

७०. चालु आर्थिक वर्षको जेठसम्म खुद वैदेशिक लगानी १६३.५ प्रतिशतले बढेर रु.१६ अर्ब ७६ करोड कायम भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा खुद प्रत्यक्ष वैदेशिक लगानी रु.६ अर्ब ३६ करोड रहेको थियो।

## विनिमय दर

७१. २०८२ असार मसान्तको तुलनामा २०८३ जेठ मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ ९.८ प्रतिशतले अवमूल्यन भएको छ। गत वर्षको सोही अवधिमा नेपाली रुपैयाँ २.१ प्रतिशतले अवमूल्यन भएको थियो। २०८३ जेठ मसान्तमा अमेरिकी डलर एकको खरिद विनिमय दर रु.१५१.८८ पुगेको छ। २०८२ असार मसान्तमा उक्त विनिमय दर रु.१३७.० रहेको थियो।

## पर्यटक आगमन र भ्रमण आय

७२. सन् २०२५ अगष्ट महिना देखि सन् २०२६ को जुन महिनासम्म ११ महिनाको अवधिमा नेपाल आउने पर्यटकको सङ्ख्या गत वर्षको सोही अवधिको १० लाख ७७ हजार ६ सय ४१ को तुलनामा ५.० प्रतिशतले वृद्धि भई ११ लाख ३१ हजार ३० पुगेको छ। सन् २०२६ को पहिलो ६ महिनामा ६ लाख २० हजार ४ सय ५३ पर्यटक नेपाल भित्रिएका छन्, जुन गत वर्षको सोही अवधिको तुलनामा ७.४ प्रतिशतले बढी हो। सन् २०२५ को सोही अवधिमा यस्तो सङ्ख्या ५ लाख ७७ हजार ६ सय ८९ रहेको थियो।

७३. भ्रमण आय र खर्च दुवैमा सामान्य कमी आएको छ। चालु आर्थिक वर्षको जेठसम्म पर्यटनबाट प्राप्त हुने भ्रमण आय गत आर्थिक वर्षको सोही अवधिको रु.८२ अर्ब ३३ करोडको तुलनामा ०.१ प्रतिशतले सङ्कुचन भई रु.८२ अर्ब २२ करोड रहेको छ। यस अवधिमा भ्रमण खर्च गत आर्थिक वर्षको सोही अवधिको रु.२ खर्ब ३ अर्ब १८ करोडको तुलनामा ४.७ प्रतिशतले सङ्कुचन भई रु.१ खर्ब ९३ अर्ब ६५ करोड रहेको छ।

# अनुसूचीहरु

## अनुसूची १: चालु आर्थिक वर्षको जेठसम्मको सार्वजनिक ऋणको मासिक स्थिति (रु.करोडमा)

| विवरण | साउन | भदौ | असोज | कार्तिक | मंसिर | पुस | माघ | फागुन | चैत | वैशाख | जेठ | २०८३ जेठसम्म |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **तिर्न बाँकी सार्वजनिक ऋण** | **२६८८१६** | **२७४५०७** | **२७२७३४** | **२७३२५६** | **२७९१५४** | **२८०६४०** | **२८५९११** | **२८७८७०** | **२९३४९२** | **२९७५०४** | **२९६१२०** | **२९६१२०** |
| आन्तरिक ऋण | १२८११२ | १२८१८२ | १२७८०७ | १२७५९६ | १३०१६३ | १३१९१३ | १३४९१३ | १३४८१२ | १३८८१२ | १३८१२३ | १३७७२८ | १३७७२८ |
| बाह्य ऋण | १४०७०४ | १४६३२४ | १४४९२६ | १४५६६० | १४८९९१ | १४८७२७ | १५०९९८ | १५३०५९ | १५४६८१ | १५९३८१ | १५८३९१ | १५८३९१ |
| विनिमय दर नाफा(-)/घाटा(+) | ० | ५५२४ | -१४९७ | ३९६ | ३३४४ | -६९९ | २२२९ | ५०१ | १७७८ | ५२०० | -१४२८ | १५३४८ |
| **कुल सार्वजनिक ऋण परिचालन** | **४४६७** | **३६१९** | **२३४१** | **३८३७** | **३५४९** | **३६४३** | **४१०६** | **४५२५** | **४८४१** | **१५८८** | **५२९७** | **४१८१३** |
| आन्तरिक ऋण | ४००० | ३००० | २००० | ३००० | २७६७ | ३००० | ४००० | २६०० | ४००० | १५०० | ४००० | ३३८६७ |
| बाह्य ऋण | ४६७ | ६१९ | ३४१ | ८३७ | ७८२ | ६४३ | १०६ | १९२५ | ८४१ | ८८ | १२९७ | ७९४६ |
| **साँवा भुक्तानी** | **३०५५** | **३४५२** | **२६१७** | **३७११** | **९९६** | **१४५९** | **१०६३** | **३०६८** | **९९७** | **२७७६** | **५२५३** | **२८४४६** |
| आन्तरिक ऋण | २७१० | २९३० | २३७५ | ३२११ | २०० | १२५० | १००० | २७०२ | ० | २१८९ | ४३९४ | २२९६१ |
| बाह्य ऋण | ३४५ | ५२२ | २४२ | ५०० | ७९६ | २०९ | ६३ | ३६६ | ९९७ | ५८७ | ८५९ | ५४८५ |
| **खुद सार्वजनिक ऋण परिचालन** | **१४१२** | **१६७** | **-२७६** | **१२६** | **२५५४** | **२१८५** | **३०४३** | **१४५७** | **३८४५** | **-११८८** | **४४** | **१३३६९** |
| आन्तरिक ऋण | १२९० | ७० | -३७५ | -२११ | २५६७ | १७५० | ३००० | -१०२ | ४००० | -६८९ | -३९४ | १०९०६ |
| बाह्य ऋण | १२२ | ९७ | ९९ | ३३७ | -१३ | ४३५ | ४३ | १५५९ | -१५५ | -४९९ | ४३८ | २४६३ |
| **ब्याज भुक्तानी** | **६४८** | **७४८** | **५४३** | **३८९** | **५४३** | **५५२** | **५९०** | **७९३** | **६२१** | **६३२** | **६६९** | **६७२९** |
| आन्तरिक ऋण | ५४९ | ६१४ | ४६३ | ३१४ | ४०२ | ४९६ | ५४७ | ७१८ | ४५८ | ४९३ | ५०८ | ५५६१ |
| बाह्य ऋण | १०० | १३३ | ७९ | ७६ | १४१ | ५७ | ४३ | ७६ | १६३ | १३९ | १६१ | ११६८ |
| **कुल ऋण सेवा खर्च** | **३७०३** | **४२००** | **३१६०** | **४१००** | **१५३९** | **२०११** | **१६५३** | **३८६१** | **१६१८** | **३४०८** | **५९२२** | **३५१७५** |
| आन्तरिक ऋण | ३२५९ | ३५४४ | २८३८ | ३५२५ | ६०२ | १७४६ | १५४७ | ३४१९ | ४५८ | २६८२ | ४९०२ | २८५२२ |
| बाह्य ऋण | ४४५ | ६५५ | ३२२ | ५७५ | ९३६ | २६६ | १०५ | ४४२ | ११६० | ७२६ | १०२० | ६६५३ |

स्रोतः सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, २०८३।

## अनुसूची २: पछिल्लो ४ आर्थिक वर्षको जेठसम्मको सार्वजनिक ऋणको प्रवृत्ति

| विवरण | जेठसम्म (रु.करोडमा) | | | | वृद्धिदर (प्रतिशतमा) | |
|---|---|---|---|---|---|---|
| | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८१/८२ | २०८२/८३ |
| **तिर्न बाँकी सार्वजनिक ऋण** | **२१७३२४.७२** | **२४००३४.३६** | **२६५४६६.०८** | **२९६११९.७४** | **१०.६** | **११.५** |
| आन्तरिक ऋण | १०९९७२.३३ | ११९२४८.०४ | १२७२५३.३० | १३७७२८.३७ | ६.७ | ८.२ |
| वैदेशिक ऋण | १०७३५२.३९ | १२०७८६.३२ | १३८२१२.७८ | १५८३९१.३७ | १४.४ | १४.६ |
| **सार्वजनिक ऋण परिचालन** | **३०००६.३४** | **३०७६७.२८** | **४१४१९.२३** | **४१८१२.७२** | **३४.६** | **१.०** |
| आन्तरिक ऋण | २२०३८.७८ | २२५००.०० | ३१४९९.०६ | ३३८६६.६९ | ४०.० | ७.५ |
| वैदेशिक ऋण | ७९६७.५६ | ८२६७.२८ | ९९२०.१७ | ७९४६.०३ | २०.० | -१९.९ |
| **सावाँ भुक्तानी** | **१४०११.२६** | **१९७३२.९७** | **२६६६५.७१** | **२८४४५.६३** | **३५.१** | **६.७** |
| आन्तरिक ऋण | १०८११.३८ | १६१६२.३३ | २२३३५.९४ | २२९६०.७३ | ३८.२ | २.८ |
| वैदेशिक ऋण | ३१९९.८८ | ३५७०.६४ | ४३२९.७७ | ५४८४.९० | २१.३ | २६.७ |
| **ब्याज भुक्तानी** | **६५०५.९४** | **७३८६.४६** | **६२९४.९८** | **६७२९.१०** | **-१४.८** | **६.९** |
| आन्तरिक ऋण | ५६३७.४० | ६५५७.३३ | ५४३७.२५ | ५५६१.१३ | -१७.१ | २.३ |
| वैदेशिक ऋण | ८६८.५४ | ८२९.१३ | ८५७.७३ | ११६७.९७ | ३.४ | ३६.२ |
| **ऋण सेवा खर्च** | **२०५१७.२०** | **२७११९.४३** | **३२९६०.६९** | **३५१७४.७३** | **२१.५** | **६.७** |
| आन्तरिक ऋण | १६४४८.७८ | २२७१९.६६ | २७७७३.१९ | २८५२१.८६ | २२.२ | २.७ |
| वैदेशिक ऋण | ४०६८.४२ | ४३९९.७७ | ५१८७.५० | ६६५२.८७ | १७.९ | २८.२ |

स्रोतः सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, २०८३।

## अनुसूची ३: चालु आर्थिक वर्षको जेठसम्मको राजस्व सङ्कलनको मासिक स्थिति (रु. करोडमा)

| महिना | कर राजस्व | गैरकर राजस्व | राजस्व |
|---|---|---|---|
| साउन | ८०६७ | ३८० | ८४४७ |
| भदौ | ६९७३ | ३३४ | ७३०७ |
| असोज | ८३९३ | ७५९ | ९१५२ |
| कार्तिक | ७२५६ | ४९३ | ७७५० |
| मंसिर | ७५३४ | ४४१ | ७९७५ |
| पुस | १३३८८ | ३७२१ | १७११० |
| माघ | ८३२० | ४४३ | ८७६३ |
| फागुन | ७७२७ | ४९८ | ८२२६ |
| चैत | १२२१९ | १६८२ | १३९०० |
| वैशाख | ९४७९ | ७४८ | १०२२७ |
| जेठ | ८७७९ | ४९७ | ९२७६ |
| **जम्मा** | **९८१३५** | **९९९६** | **१०८१३१** |

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८३।

## अनुसूची ४: चालु आर्थिक वर्षको जेठसम्मको सङ्घीय खर्चको मासिक स्थिति (रु. करोडमा)

| महिना | चालु खर्च | पुँजीगत खर्च | वित्तीय व्यवस्था | कुल संघीय खर्च | खर्च भार |
|---|---|---|---|---|---|
| साउन | १८४८ | ७३ | २७१० | ४६३१ | ०.०३४ |
| भदौ | ९५७१ | ५६३ | ३२५३ | १३३८६ | ०.०९९ |
| असोज | १४२६२ | १२८३ | २८९७ | १८४४२ | ०.१३७ |
| कार्तिक | ६४१९ | ६१३ | ३३९८ | १०४३० | ०.०७७ |
| मंसिर | ७७०६ | ८५६ | ९९६ | ९५५७ | ०.०७१ |
| पुस | ८९१० | १५५५ | २१११ | १२५७५ | ०.०९३ |
| माघ | ७५२३ | १४३० | २१६३ | ११११६ | ०.०८३ |
| फागुन | ७९७८ | १४७६ | ३०६८ | १२५२१ | ०.०९३ |
| चैत | १०५३८ | १७७० | १०२९ | १३३३७ | ०.०९९ |
| वैशाख | ६७१३ | १७६५ | २८७८ | ११३५६ | ०.०८४ |
| जेठ | ९३६१ | १८८२ | ६०७० | १७३१३ | ०.१२९ |
| **जम्मा** | **९०८२७** | **१३२६७** | **३०५७२** | **१३४६६५** | **१.०००** |

महालेखा नियन्त्रक कार्यालय, २०८३।

## अनुसूची ५: बाह्य क्षेत्रका चरको प्रवृत्ति

| विवरण | जेठसम्म / जेठ मसान्त | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| निर्यात (रु.करोडमा) | ६७३१ | ७३५८ | ८७८३ | ८८०० | १२१२५ | १८५८४ | १४३५९ | १३९२६ | २४७५७ | २७७९७ |
| आयात (रु.करोडमा) | ८९६५७ | ११०७८७ | १२९९८० | ११००८१ | १३८३३६ | १७६३२२ | १४८०९८ | १४५३७० | १६४४८० | १८९४१० |
| व्यापार घाटा (रु.करोडमा) | ८२९२६ | १०३४२९ | १२११९७ | १०१२८१ | १२६२११ | १५७७३८ | १३३७३९ | १३१४४४ | १३९७२३ | १६१६१३ |
| कुल व्यापार (रु.करोडमा) | ९६३८८ | ११८१४५ | १३८७६३ | ११८८८१ | १५०४६१ | १९४९०६ | १६२४५७ | १५९२९६ | १८९२३७ | २१७२०७ |
| विप्रेषण आप्रवाह (रु.करोडमा) | ६३३४२ | ६७९७३ | ७९९११ | ७७३६६ | ८७१३० | ९०६९२ | ११३२६५ | १३२७५४ | १५३४१६ | २१२०८० |
| चालु खाता सन्तुलन (रु.करोडमा) | -२९९ | -२०९९४ | -२५०३१ | -६२५९ | -२९८११ | -५९२१४ | -५३३४ | २०१४३ | ३२१७४ | ८०२०६ |
| शोधनान्तर स्थिति (रु.करोडमा) | ७४२३ | -४३४ | -९०८३ | १७९३७ | -१५१५ | -२७२६८ | २२४९० | ४२५६७ | ४९१४४ | ९२६०६ |
| विदेशी विनिमय सञ्चिति (रु.करोडमा) | १०७०१८ | १०९४०० | १०३०८८ | १३०६४६ | १३६५६५ | ११७६८४ | १४८०८७ | १९६७१९ | २५६९३८ | ३७५५६४ |
| सञ्चिति पर्याप्तता (वस्तु तथा सेवा)-महिना | ११.५ | ९.६ | ७.७ | ११.७ | १०.१ | ६.७ | ९.६ | १२.६ | १४.८ | १९.१ |
| पर्यटक आगमन (सङ्ख्यामा) | ८३९९४२ | ९५७६८८ | ११५३४३५ | ७७३४३२ | ६७१३२ | ३२९६८५ | ८०५२६६ | १०६३६८५ | १०७७६४१ | ११३१०३० |
| नयाँ श्रम स्वीकृति (सङ्ख्यामा) | ३७२८४५ | २४६२८५ | २२१४३१ | ३५९७५८ | ६२०११ | ३१३३६७ | ४५९४१५ | ४२१३५६ | ४५२३२४ | ३६७२११ |
| पुनःश्रम स्वीकृति (सङ्ख्यामा) | २४५९०१ | २५४७४८ | २५४९१४ | ९६७३ | ८४०३० | २५९०९१ | २६०२६२ | २६१२१० | ३०८०६७ | ३५५७३५ |
| खुद वैदेशिक लगानी आप्रवाह (रु.करोडमा | १२२७ | १५८७ | ११८० | १८७२ | १६२० | १७३५ | ४८६ | ८१६ | ६३६ | १६७६ |
| विनिमय दर (अमेरिकी डलर १ = ... रुपैंया) | १०२.७७ | १०७.९४ | १११.३९ | १२१.०५ | ११६.६२ | १२४.५६ | १३१.०६ | १३३.३८ | १३७.४४ | १५१.८८ |

स्रोतः नेपाल राष्ट्र बैंक, २०८३।

## अनुसूची ६ : चालु आर्थिक वर्षको जेठसम्म बाह्य क्षेत्रका चरको मासिक स्थिति

| विवरण | साउन | भदौ | असोज | कार्तिक | मंसिर | पुस | माघ | फागुन | चैत | वैशाख | जेठ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| निर्यात (रु.करोडमा) | २३९३ | २३३९ | २५४७ | २०७१ | २३०१ | २५५१ | २६१३ | २२९७ | ३१८२ | २६०३ | २९०० | २७७९७ |
| आयात (रु.करोडमा) | १४३०४ | १६२११ | १६२९३ | १४१३७ | १५६७४ | १७२८३ | १८४४६ | १६५७६ | २०१२५ | २०२१४ | २०१४६ | १८९४१० |
| व्यापार घाटा (रु.करोडमा) | ११९११ | १३८७३ | १३७४६ | १२०६५ | १३३७२ | १४७३२ | १५८३४ | १४२८० | १६९४२ | १७६१२ | १७२४५ | १६१६१३ |
| कुल व्यापार (रु.करोडमा) | १६६९७ | १८५५० | १८८३९ | १६२०८ | १७९७५ | १९८३४ | २१०५९ | १८८७३ | २३३०७ | २२८१७ | २३०४६ | २१७२०७ |
| विप्रेषण आप्रवाह (रु.करोडमा) | १७७४१ | १७४६७ | २०१२२ | १३३८२ | १८३१८ | १९२६२ | १९८०८ | १८८६४ | २०९७५ | २५७४९ | २०३८९ | २१२०८० |
| चालु खाता सन्तुलन (रु.करोडमा) | ७८१४ | ५२५५ | १०६९० | ४२०६ | ७९१८ | ७१०८ | ६३८७ | ५९०६ | ६५८४ | ११०६० | ७२७८ | ८०२०६ |
| शोधनान्तर स्थिति (रु.करोडमा) | ८९३० | ६४३८ | ११०३४ | ५४३७ | १०३५० | ७९३४ | ७१४९ | ८५६२ | ७२८१ | १३२४० | ६२५० | ९२६०६ |
| थप विदेशी विनिमय सञ्चिति (रु.करोडमा) | १२८३५ | ७५३२ | ९८४५ | ७५७१ | १४५९६ | ४०९७ | ६०२१ | ११११११ | ८०९६ | २०९८२ | ५१०९ | १०७७९५ |
| सञ्चिति पर्याप्तता (वस्तु तथा सेवा)-महिना | १६.६ | १६.० | १६.४ | १७.४ | १८.२ | १८.१ | १८.० | १८.५ | १८.४ | १९.२ | १९.१ | |
| पर्यटक आगमन (सङ्ख्यामा) | ८८६८० | ७८७११ | १२८४४३ | ११६५५३ | ९८१९० | ९२५७३ | १०५४४१ | १२०५१६ | १०७९३४ | १०२६२६ | ९१३६३ | ११३१०३० |
| नयाँ श्रम स्वीकृति (सङ्ख्यामा) | ४४४६६ | ४५७३२ | ३३२६१ | २२५१४ | २९६१८ | ३१७५० | ३७८१२ | २८३८३ | २०६५० | ४१३२४ | ३१७०१ | ३६७२११ |
| पुनःश्रम स्वीकृति (सङ्ख्यामा) | २३६४४ | २२२४० | ३१३७३ | ५०५८० | ३६०८७ | ३०८०९ | ३२६९१ | २४५६१ | ४१२७४ | ३३१०५ | २९३७१ | ३५५७३५ |
| खुद वैदेशिक लगानी आप्रवाह (रु.करोडमा) | ६१ | ५२ | ५ | ७५ | ४८६ | -४३१ | २०२ | ६१ | ३६८ | २३४ | ५६३ | १६७६ |
| विनिमय दर (अमेरिकी डलर १ = ... रुपैंया) | १३९.७९ | १४०.८४ | १४०.२२ | १४१.७० | १४४.३७ | १४४.०१ | १४४.८३ | १४७.६४ | १४८.०७ | १५२.८४ | १५१.८८ | |

स्रोतः नेपाल राष्ट्र बैंक, २०८३।